# मकवानपुरगढी गाउँपालिकाको सहकार्यमा नारि सीप सृजना केन्द्र नेपाल द्वारा आयोजित अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ|

मिति २०७६ माग २२ गते नारी सीप सृजना केन्द्रको नेपाल आयोजा र मकवानपुरगढी गाउँपालिकाको सहकार्यमा "उनिको आवाज सुनौ" भन्ने विषयमा नारी सीप सृजना केन्द्रको नेपालका अध्यक्ष सरस्वती बर्तौलाको अध्यक्षतामा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको हो | नारि सीप सृजना केन्द्र नेपाल बिगत २६ वर्ष देखि हाल सम्म महिलाहरुको नेतृत्त्व विकासमा लागि पर्दै आएको संस्था हो | उक्त कार्यक्रममा विषय बिज्ञको रुपमा **माननीय प्रदेश सभा सदस्य मुनु सिग्देल, राष्ट्रिय समाबेसी आयोग कार्यवहाक अध्यक्ष बिष्णु माया ओझा ,अनेमा संघ सदस्य मान कुमारी नेपाल** र **मकवानपुरगढी गाउँपालिका उपाध्यक्ष हर्कमाया** रुम्बाको उपस्थिति रहेको थियो |








कार्यक्रममा **माननीय प्रदेश सभा सदस्य मुनु सिग्देलज्युले** महिलाहरु हरेक क्षेत्रमा अगाडी बढ्नु आवाश्यक देखिन्छ साथै राजनीतिक क्षेत्रमा महिलाहरुको नेतृत्त्व भए महिलाहरुको आर्थिक सामाजिक राजनैतिक हैसियत स्थापपित हुने बताउनु भयो भने मकवानपुरगढी गाउँपालिका उपाध्यक्ष हर्कमाया रुम्बाज्युले महिलाहरुको एकता हुनु पर्ने कुरा दर्साउनु भएको थियो |





कार्यक्रममा नारीहरुको आवाज सुन्नु पर्छ र नारीहरुपनि पुरुष जस्तै काम गर्ने क्षेमता राख्छन भन्ने सन्दर्भमा नाटक प्रस्तुत गरिएको थियो जसमा अनिता धिताल, सलिना उप्रेती, सुनिता गहतराज, आराभ थापा महेन्द्र बि.क. हरुको मुख्य भूमिका रहेको थियो ।






